# नेपाल राजपत्र

## भाग ३


श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असार १७ गते २०३१ साल


श्री ५ को सरकार

### निर्माण तथा यातायात मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले पूर्वाञ्चल विकास क्षेत्रको धनकुटा नगर विकास योजना अनुसार सरकारी भवनहरू (गभरमेण्ट सेण्टर) निर्माणको लागि अञ्चल कोशी, जिल्ला धनकुटा, धनकुटा बजार पञ्चायत वार्ड नं. १ अन्तर्गतका निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्वः– धनकुटा बजार पञ्चायत वार्ड नं. १ (सिट नं. ०४६८–४) को कि.नं. ३९८ ऐ. ऐ. पञ्चायत वार्ड नं. (सि.नं. ०४६८–३) को कि.नं. ३९२, ३४८, ३५२, ३५१, पश्चिमः– धनकुटा बजार पञ्चायत वार्ड नं. १ (सि.नं. ०४६८–३) को कि.नं. ३६८ र ३७८ को बाटो र कि.नं. ३३१ को बाटो, उत्तरः– धनकुटा बजार पञ्चायत वार्ड नं. १ (सि.नं. ०४६८–१) को कि.नं. २७७, २७८, २७९, २८१, २८७ बाटो कि.नं. २८८, २८९, २९०, २९१, २९२, २९३ ऐ. ऐ. पञ्चायत वार्ड नं. (सि.नं. ०४६८–२) को कि.नं. ३१८, ३१९, ३२०, दक्षिणः– धनकुटा बजार




आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पञ्चायत वार्ड नं. १ (सि.नं . ०४६८–३)को कि.नं. ३८० यति चार किल्लाभित्रको धनकुटा बजार पञ्चायत वार्ड नं.१(सि.नं. ०४६८–३)को कि.नं. ३३२ को ०–०–३ पूरै, कि.नं. २३३ को ४–५–१ पूरै, कि. नं. ३३४ को १२–२–७ पूरै, कि. नं. ३३५ को १–०–१ पूरै, कि.नं. ३३६ को १–०–१ पूरै, कि.नं . ३३७ को ३–१–१ पूरै, कि.नं. ३३८ को ५–११–० पूरै, कि.नं . ३३९ को १–२–२ पूरै, कि.नं. ३४० को १–१२–२ पूरै, कि.नं. ३४१ को २–१०–० पूरै, कि.नं . ३४२ को ३–४–१ पूरै, कि.नं . ३४३ को १–९–२ पूरै, कि.नं. ३४४ को १३–०–३ पूरै, कि.नं . ३४५ को १–२–२ पूरै, कि.नं. ३४६ को ५–१४–३ पूरै, कि.नं. ३५३ को ५–१४–३ पूरै, कि.नं . ३५६ को ४–२–२ पूरै, कि.नं. ३५७ को ३–१–१ पूरै, कि.नं. ३५८ को ०–१४–१ पूरै, कि.नं . ३५९ को ३–०–० पूरै, कि.नं . ३६० को ०–१–०पूरै, कि.नं . ३७० को १–६–० पूरै, कि.नं . ३७४ को १–११–० पूरै, कि.नं. ३७५ को ०–९–१ पूरै, कि.नं. ३७६ को ०–७–१ पूरै, कि.नं. ३७७ को १–३–३ पूरै, कि.नं . ३७८ को १३–१५–१ पूरै र धनकुटा बजार पञ्चायत बार्ड नं .१ (सि.नं. ०४६८–४) को कि.नं . ३९३ को०–६–१ पूरै, कि.नं. ३९४ को २–१३–० पूरै, कि.नं. ३९५ को ६–५–१ पूरै, कि.नं. ३९७ को ५–७–३ पूरै समेतको जम्मा मालपोत रू. ६२०।३५ (छसय बीस रूपैयाँ पैसा पैंतीस) लाग्ने जग्गा रोपनी १०९–३–३(एक सय नौ रोपनी तीन आना तीन पैसा) को कित्ता– – – – – – – – – – १

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## निर्माण तथा यातायात मन्त्रालयको
## सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले ट्रलिबसलाई वर्कशप, बाटो र बस टर्मिनल तथा पावर ष्टेशनका लागि वाग्मती अञ्चल, भक्तपुर जिल्ला, श्री महेन्द्र बालकुमारी गा.पं. अन्तर्गतको निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

१. श्री महेन्द्र बालकुमारी गाउँ पञ्चायत वडा नं. ३ को पूर्व गोरेटो, भूमिप्रशासन कार्यालय

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भक्तपुरबाट काठमाडौं–भक्तपुर राजमार्गको चौडाई एरिया छुटचाएको जग्गा, पश्चिमको कि.नं. ४४, उत्तर गोरेटो, दक्षिण कि.नं. ६४, ३१५, ३१६ को बाँकी जग्गा यति ४ किल्लाभित्रको जग्गा कि.नं. ६४ बाट ०–१०–० कि.नं. ३१५ बाट ०–०–२ कि.नं. ३१६ बाट ०–२–० समेत जम्मा जग्गा ०–१२–२ (बाह्र आना दुई पैसा) को मालपोत जम्मा रु. ३।०६ (तीन रूपैयाँ छ पैसा) लागेको कित्ता – – – – १

मिति २०३०।८।११ भाग ३ खण्ड २३ संख्या ३२ को नेपाल राजपत्रमा प्रकाशित यस मन्त्रालयको जग्गा प्राप्त गर्ने सूचनाबमोजिमको भक्तपुर बालकुमारी पञ्चायत वडा नं.३ को १–२–२ (एक रोपनी दुई आना दुई पैसा) को जग्गा श्री ५ को सरकारको २०३०।१०।११ को निर्णयानुसार फुकुवा गरिएको छ।

आज्ञाले–
सहायक रथी खड्गबहादुर सिंह
श्री ५ को सरकारको का.मु. सचिव

२०५

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।